## मर्चवारी गाउँपालिकाको विनियोजन ऐन २०७५

**मर्चवारी गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति:२०७५।५।१. . .

**प्रस्तावना:** - **मर्चवारी** गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम **मर्चवारी** गाउं सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१)यस ऐनको नाम " **मर्चवारी** गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३६,४७,५४,८००। (अक्षेरुपी छत्तिस करोड सतचालिस लाख चौवन्न हजार आठ सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामाजिक सुरक्षाको लागि नेपाल सरकार बाट प्राप्त हुने रकम, संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, विषयतगत कार्यालयहरु तथा अन्य निकाय बाट प्राप्त हुन आएको अन्य रकम संचित कोषमा जम्मा गरी नियमानुसार खर्च गर्न बाधा पर्ने छैन ।

३. **विनियोजन:** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त **मर्चवारी** गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ । विनियोजित रकम अनुसुची हरुमा उल्लेख भए अनुसार हुनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउं कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न



गाउँपालिका अध्यक्ष

सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सांवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत सांवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.स. | व्यय शिर्षक | रकम रु. |
|---|---|---|
| १ | सशर्त बित्तिय समानीकरण (केन्द्र) | ८०१०००००।०० |
| २ | सशर्त बित्तिय समानीकरण (प्रदेश) | ९६०००००।०० |
| ३ | निशर्त अनुदान (केन्द्र) | २०१६५४८००।०० |
| | निशर्त अनुदान (प्रदेश) | |
| | राजस्व बाँडफाँड (केन्द्र) | |
| | राजस्व बाँडफाँड (प्रदेश) | |
| | आन्तरिक राजस्व | |
| | गत वर्षको अल्या | |
| ३.१ | चालु खर्च | ५६७५००००।०० |
| ३.२ | पुजिगत खर्च | १०९८९९५९०।०० |
| ३.३ | समपुरक कोष | २००००००।०० |
| ३.४ | सवारी साधन | १००००००।०० |

केशव नन्द बनिया
गाउँपालिका अध्यक्ष

| | | |
|---|---|---|
| ३.५ | मेशनरी औजार | १६५००००।०० |
| ३.६ | फर्निचर तथा फिक्चर्स | १००००००।०० |
| ३.७ | ३ % कन्टिन्जेन्सी | ३३१५०००।०० |
| ३.८ | विपद व्यवस्थापन कोष | ३५०००००।०० |
| ३.९ | मर्मत सम्भार कोष | ३२०००००।०० |
| ३.१० | कर्मचारी कल्याण कोष | ३५००००।०० |
| ३.११ | विषयगत शाखा ( कृषि,पशु,स्वास्थ्य,शिक्षा, महिला,वन,खानेपानी तथा सरसफाई) | १८९९०२१०।०० |
| ४ | सिमाक्षेत्र बिकास कार्यक्रम | ११५०००००।०० |
| ५ | सामाजिक सुरक्षा | ५७५०००००।०० |
| ६ | स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम | ३५०००००।०० |
| ७ | सुआहारा | ९०००००।०० |
| | जम्मा रकम रु | ३६४७५४८००।०० |

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष